# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

# गभर्नर डा. खतिवडाद्वारा पश्चिम नेपालका विभिन्न लघु उद्यम परियोजना र सहकारी संस्थाहरूको स्थलगत अध्ययन भ्रमण



ग्रामीण क्षेत्रमा लघु उद्यमी, वित्तीय सेवा प्रदायक संस्था र सहयोगी बाह्य संस्थाहरूको संयुक्त प्रयासले कसरी आर्थिक गतिविधि अघि बढाउन सकिन्छ भन्ने बारे सूक्ष्म अध्ययन र अवलोकन गर्दै गभर्नर डा. युवराज खतिवडाले गत चैत्र २८ देखि ३० सम्म पश्चिम तथा मध्य पश्चिम नेपालका विभिन्न स्थानमा नेपाल सरकार र UNDP को प्राविधिक तथा वित्तीय सहयोगमा संचालित लघु उद्यम विकास परियोजना Micro Enterprises Development Project (MEDEP) अन्तर्गतका विभिन्न आयोजनाहरूको अध्ययन भ्रमण गर्नु भयो ।

यस क्रममा उहाँले वाणगंगा मौरीपालन तथा उत्पादन सहकारी संस्था लिमिटेड, जितपुर, कपिलवस्तुको स्थलगत अवलोकन तथा कृषि उद्यमीहरूसँग छलफल गर्नु भयो । अन्तरकृया कार्यक्रममा सहकारी संस्थाका संचालकहरूले स्थानीय स्रोत साधनको उपयोग गरी कृषकको आय आर्जन बढाउन अति उपयोगी रहेको मौरीपालन व्यवसायको प्रवर्धन गर्नका लागि सुलभ व्याजदरमा कर्जा उपलब्ध हुनु पर्ने, मौरीको नश्ल सुधार गरिनु पर्ने, मौरीको व्रिडिङ्ग गरी स्वास्थ सुधार गरिनु पर्ने, सामुदायिक वनको मौरीचरण शुल्क न्यून तुल्याउनु पर्ने जस्ता चुनौतीहरू स्थानीय कृषकले सामना गरिरहेको व्यहोरा गभर्नर डा. खतिवडालाई अवगत गराएका थिए ।

छलफलको क्रममा गभर्नर डा. खतिवडाले सरकारको कृषि नीतिमाथि प्रकाश पार्दै रोजगारी सृजना, उत्पादन बृद्धि तथा आयात प्रतिस्थापनमा उल्लेखनीय भूमिका खेल्ने कृषि क्षेत्रमा वित्तीय स्रोत उपलव्ध गराउन नेपाल राष्ट्र बैंकले अंगालेका नीतिगत व्यवस्थाका बारेमा सहभागीहरूलाई जानकारी दिनु भएको थियो ।

त्यस्तै MEDEP को अर्को परियोजना प्रगतिशील दुनाटपरी लघु उद्यम, जयनगर-९, बडहरा, कपिलवस्तुको स्थलगत अवलोकन गरी महिला उद्यमीहरूसँग परियोजनाका विविध पक्षका बारेमा जानकारी दिनु भयो ।

स्थानीय वनक्षेत्रमा पाइने साल र घोर्लेको पातबाट मेशिनको सहयोगले दुनाटपरी उत्पादन गरिने सो लघु उद्यम पनि ग्रामीण महिलाहरूको आय आर्जन बृद्धि गर्न, खेर गइरहेको स्रोतहरूलाई उपयोग गर्न तथा सानो परिमाणमा भएपनि कागजका प्लेटहरूको आयात प्रतिस्थापन गर्न सहयोगी रहेको MEDEP का लघुवित्त विशेषज्ञले जानकारी दिनु भयो ।



भ्रमणको क्रममा गभर्नर डा. युवराज खतिवडाले जागृति बावियो डोरी उत्पादन समूह, शिवपुरी-१, वनकसबासा, कपिलवस्तुको स्थलगत

अवलोकन गरी परियोजनाका विविध पक्षका बारेमा उद्यमीहरूसँग जानकारी लिनु भयो ।



स्थानीय वनक्षेत्र र वरपरका सार्वजनिक जग्गामा पाइने वावियोबाट डोरी उत्पादन गर्ने उक्त परियोजनामा हाल ५५ धुरी दाउरे (Wood Cutter) संलग्न रहेकाले परियोजना संचालनपश्चात् वनफडानी न्यून भएको, भूमिहिन विपन्न दाउरे परिवारको आय आर्जनस्तरमा सुधार भएको, खेर गइरहेको बाबियोको उत्पादनशील प्रयोग भएको जानकारी समूह सदस्यहरूले गभर्नर डा. खतिवडालाई दिनु भयो । बाबियोको डोरी बुन्ने मेशिन विद्युतबाट संचालन गर्न सके गुणस्तरमा सुधार गरी उत्पादन बढाउन सकिने भएकाले विद्युत जडान कार्यमा सहयोग गरी दिन समूहले गभर्नर डा. खतिवडासमक्ष अनुरोध गऱ्यो ।

त्यस्तै गरी गभर्नर डा. खतिवडा ढुंगेगढी गाविस, बडडाँडा, प्यूठानमा अवस्थित ऐरावती बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको स्थलगत अवलोकन गरी उक्त संस्थाले उत्पादन गर्ने सिस्नो पाउडर, चिउरीको नुहाउने हर्वल सावुन, मह, अगरबत्ती, बेसार, खेलौना, चुलेसी, बंगुरपालन, अल्लोका सामाग्री र अदुवा आदि वस्तुको उत्पादन र बजार व्यवस्थापन बारे जानकारी लिनु भयो । अन्तरक्रिया कार्यक्रममा सहकारी संस्थाका पदाधिकारी, व्यवस्थापक र सदस्यहरूले सुलभ बैंकिङ्ग कर्जा, उन्नत प्रविधि, कृषि उपजको प्रशोधन, कृषि सेवा केन्द्रको भौगोलिक दुरी र संगठित बैंकिङ्ग सेवाको उपलब्धतासँग सम्बन्धित चुनौतिहरू सहकारी संस्थाले सामना गरिरहेको हुँदा ती समस्या समाधानका लागि गभर्नर डा. खतिवडासँग अनुरोध गरेका थिए ।

अन्तरक्रियाको क्रममा सहभागीहरूले विभिन्न स्थान विशेषको आवश्यकता अनुसारको Credit Product बनाउनु पर्ने, ग्रामीण स्वावलम्बन कोषबाट प्रवाह गर्ने कर्जाको राशी बढाउनु पर्ने, MEDEP द्वारा प्रवर्द्धित परियोजनामा बैकहरूले कर्जा प्रवाह गर्नु पर्ने, महिलाहरू इमान्दार र परिश्रमी हुने भएकाले उनीहरूलाई विना धितो (परियोजनानै धितो राखी) कर्जा प्रवाह गर्नु पर्ने तथा कृषि विकास बैंकलाई ग्रामीण किसानमुखी बनाउनु पर्ने सुझाव दिएका थिए ।

सम्वोधनको क्रममा गभर्नर डा. खतिवडाले सहभागीहरूबाट उठाइएका जिज्ञाशाहरू मुलुकको सामाजिक आर्थिक रूपान्तरणसँग सम्बन्धित रहेकाले यसका लागि केन्द्रीय बैंकको एकल प्रयास मात्र पर्याप्त नहुने भएकाले सरोकारवाला सबै निकाय आ-आफ्नो ठाउँबाट सक्रिय हुनु पर्ने धारणा राख्नु भयो । गभर्नर डा. खतिवडाले अगाडि भन्नु भयो, “MEDEP जस्ता विकास साझेदारहरूले प्रवर्धन गरेका परियोजनाहरूमा बैंक तथा वित्तीय संस्थाहरूको लिंकेज गराउन सकेमा उद्यमीहरूले संगठित क्षेत्रबाट कर्जा पाउँछन्, बैंकहरूले तालिम प्राप्त उद्यमीहरू पाउँछन्, जसबाट स्थानीय अर्थतन्त्रमा लगानी बृद्धि भई उत्पादन, रोजगारी र आर्थिक क्रियाकलाप विस्तार हुन्छ ।”

गभर्नर डा. खतिवडाले रोल्पाको सदरमुकाम लिवाङ्गमा MEDEP द्वारा प्रवर्धन गरिएको रोल्पा सामुदायिक अल्लो धागो तथा कपडा उद्योग, साझा सुविधा केन्द्रको अवलोकन भ्रमण गरी सो परियोजनाको विविध पक्षका बारेमा जानकारी लिनु भयो ।



रोल्पाको ग्रामीण क्षेत्रका विपन्न महिला, द्वन्द्व पीडित परिवार र उद्यमशील बासिन्दाको आर्थिकस्तर उकास्ने लक्ष्य सहित संचालित यस परियोजनाले अल्लो प्रशोधन गर्ने, अल्लोको धागो काट्ने, अल्लोको कपडा उत्पादन गर्ने, ढाका कपडा बुन्ने र स्थानीय माग अनुसार तानबाट अन्य कपडा बुन्ने तथा विक्री

गर्ने गर्दछ । उक्त परियोजनाबाट उत्पादित सामानको लागि बजारको खासै समस्या नरहेको भए पनि सुलभ व्याज दरको बैंकिङ्ग कर्जाको अभाव, प्राविधिक तालिमको कमी, सीप विकास सम्बन्धी प्रशिक्षणको न्यूनता र परियोजनामा विद्युत जडान गर्न नसक्नु मुख्य समस्या रहेको उद्यमीहरूको भनाई थियो ।

तालिम, सीप विकास, विद्युत जडान, शिशु स्याहार केन्द्रको स्थापना र मेशिन उपकरण थप गर्ने सम्बन्धमा MEDEP, नेपाल सरकार र UNDP जस्ता विकास साझेदारहरूसँग नीतिगत तहमा आवश्यक छलफल गरी समाधान गर्न नेपाल राष्ट्र बैंकले आफ्नोतर्फबाट पहल गर्ने कुरा पनि गभर्नर डा. खतिवडाले सो अवसरमा उद्यमीहरूलाई अवगत गराउनु भयो ।



भ्रमणको क्रममा गभर्नर डा. युवराज खतिवडाले सारपानी गर्पा गाविस, सल्यानमा संचालित सारपानी गर्पा कृषि सहकारी संस्थाको स्थलगत निरीक्षण गरी स्थानीय कृषकहरूसँग उक्त सहकारी संस्था र सम्बन्धित गाविसका आर्थिक गतिविधिका बारेमा छलफल गरी जानकारी लिनु भयो ।

छलफलको क्रममा सहकारी संस्थामा आवद्ध कृषकहरूले बैंकिङ्ग क्षेत्रबाट पर्याप्त कर्जा नपाइएको, प्राप्त कर्जाको व्याजदर उच्च भएको, निर्वाध आवतजावतका लागि बाटो मर्मत हुन नसकेको, सिंचाई सुविधाको कमी रहेको तथा कृषि उव्जनीले वर्षको तीन महिना पनि गुजारा चलाउन मुश्किल रहेको समस्या जानकारी गराएका थिए ।

ग्रामीण र कृषि क्षेत्रमा बैंकिङ्ग सेवाको पहुँच विस्तार गर्न केन्द्रीय बैंकले अंगालेका नीतिहरूमा प्रकाश पार्दै गभर्नर डा. खतिवडाले सानो आकारको ऋणमा व्याजदर केही उच्च हुने भएकाले कृषकहरूले व्याजदर बाहेक आफ्नो उत्पादन र उत्पादकत्व बृद्धि गर्न पनि ध्यान दिनु पर्दछ भन्नु भयो । बजार मूल्य, उत्पादन, उत्पादकत्व, गुणस्तर र कुल लागत प्रतिकुल भएको समयमा व्याजदर मात्र कम हुदैमा कृषकलाई लाभ हुदैन, त्यसैले कृषकले मूलत उत्पादन, उत्पादकत्व र त्यसको गुणस्तरमा सुधार गरी लाभ लिने प्रयास गर्नु पर्छ भन्ने धारणा गभर्नर डा. युवराज खतिवडाले राख्नु भयो ।

MEDEP द्वारा प्रवर्धन गरिएका लघु उद्यमको स्थलगत अवलोकन गर्ने अन्तिम सृखँलाको रूपमा चैत ३० गते गभर्नर डा. खतिवडाले सृजनशील कृषि बहुउद्देश्यीय सहकारी संस्था लि., थारमारे-४, बाघचौर, सल्यानको स्थलगत अवलोकन गरी उत्पादन, वितरण, बजारीकरण र वित्तीय स्रोत व्यवस्थापन जस्ता विविध पक्षको जानकारी लिनु भयो ।

स्थलगत अवलोकनको क्रममा आयोजित अन्तरक्रिया कार्यक्रममा गभर्नर डा. खतिवडाले ग्रामीण क्षेत्रको गरिबी र बेरोजगारीबाट छुटकारा पाउनका लागि परम्परागत कृषि पद्धतिबाट व्यवसायिक कृषिमा जाने र उद्यमशीलताबाट समृद्धितिर लाग्ने प्रयास गर्नु आवश्यक छ भन्नु भयो । सहकारीले उत्पादन, वितरण, भण्डारण, बजार व्यवस्था, पूँजी परिचालन, उपभोगजस्ता सबै प्रकारका आर्थिक क्रियाकलापमा योगदान पुऱ्याउने हुँदा सामाजिक आर्थिक रूपान्तरणका लागि सहकारी संस्थामा आवद्ध भई पूँजी, प्रविधि र उत्पादकत्व बृद्धिमा ध्यान दिन गभर्नर डा. खतिवडाले स्थानीय कृषकहरूलाई सुझाव दिनु भयो ।

गत चैत २८ देखि ३० गतेसम्मको स्थलगत अवलोकनको समन्वय गर्नका लागि MEDEP कार्यालय काठमाडौं र दाङ्गबाट लघु उद्यम विशेषज्ञ क्रमशः श्री किरण पौड्याल र श्री मेधराज आचार्य भ्रमण दलमा सरिक हुनु हुन्थ्यो । सिद्धार्थनगरबाट प्रारम्भ भएको स्थलगत भ्रमण कपिलवस्तु, सल्यान, रोल्पा हुँदै नेपालगञ्जमा सकिएको थियो भने भ्रमण दलमा गभर्नर कार्यालयका निर्देशक श्री रमेश दाहाल पनि हुनुहुन्थ्यो ।